कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई-पेपरका लागि स्क्यान गर्नुहोस् ।)

वर्ष: २६ | अंक: १४६ | वि.सं. २०८३ भदौ २३ मंगलवार | नेपाल संवत्: ११४५, भाद्र कृष्ण द्वादशी | Tuesday 8 September 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### जेन-जी आन्दोलनको एक वर्ष

# अझै पुरा भएका छैनन् नागरिकका अपेक्षा



◣ओम शाही
सुर्खेत, २२ भदौ ।

नेपालमा सामाजिक सञ्जालमाथी प्रतिबन्ध लगाउने सरकारको निर्णयविरुद्ध सुरु भएको जेन-जी आन्दोलनले एक वर्ष पूरा गरेको छ। गत वर्ष २३ भदौंमा सामाजिक सञ्जालमा सुरु भएको अभियान सडकमा पुग्यो र २७ घण्टामै देशको राजनीतिक परिस्थितिलाई नै बदल्ने अवस्थामा पुऱ्यायो ।

आन्दोलनका क्रममा भएको हिंसा, आगजनी र तोडफोडले ठूलो जनधनको क्षति गऱ्यो । त्यसपछि बनेको अन्तरिम सरकार, भएको आमनिर्वाचन र त्यसबाट आएको राजनीतिक परिवर्तनले आन्दोलनलाई नेपालको राजनीतिक इतिहासकै महत्वपूर्ण घटनाका रूपमा स्थापित गरेको छ। सरकारले करिब डेढ वर्षदेखि समाजिक सञ्जाल फेसबुक, ह्वाट्सएप, एक्स, युट्युबलगायत सामाजिक सञ्जाललाई नेपालमा दर्ता भएर सञ्चालन गर्न आग्रह गर्दै आएको थियो ।

पटक-पटकको आग्रहपछि पनि अधिकांश प्लेटफर्म दर्ता हुन नआएपछि ९ भदौ २०८२ मा बसेको मन्त्रिपरिषद् बैठकले १२ भदौदेखि लागू हुने गरी एक साताभित्र दर्ता हुन निर्देशन दियो । दर्ता नभए प्रतिबन्ध लगाउने चेतावनी पनि दिइयो । तर, तोकिएको अवधिमा कुनै पनि सामाजिक सञ्जालले दर्ताका लागि सम्पर्क गरेनन् ।

▶▶ बाँकी ४ पेजमा

## कर्णालीमा आन्दोलनको त्यो प्रभाव

जेन-जी आन्दोलनको प्रभाव काठमाडौंमा मात्रै सीमित रहेन। देशका सातवटै प्रदेशमा आन्दोलन फैलियो । कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा भने २४ भदौमा आन्दोलनले हिंसात्मक रूप लियो। २३ भदौमा काठमाडौंमा भएको अत्यधिक बल प्रयोग र युवाको मृत्युको विरोधमा २४ भदौको बिहानैदेखि वीरेन्द्रनगरमा युवाहरू सडकमा निस्कन थाले ।

करिब १० बजेतिर मंगलगढीबाट विरोध प्रदर्शन सुरु भयो । बजार हुँदै जिल्ला प्रशासन कार्यालयतर्फ अघि बढेको ऱ्यालीलाई प्रहरीले प्रशासनतर्फ जान दिएन। त्यसपछि प्रदर्शनकारी राजनीतिक दलका कार्यालयतर्फ मोडिए। बिहान साढे ११ बजेतिर नेकपा एमालेको पार्टी कार्यालयमा तोडफोड सुरु भयो । त्यसपछि नेपाली कांग्रेस र नेकपा

▶▶ बाँकी ४ पेजमा

## ‘आन्दोलनको मर्मअनुसार काम भएन’

२३-२४ भदौको जेन-जी आन्दोलनमा कर्णालीबाट अगुवाइ गरेका आदर्शविक्रम सिंह आन्दोलनको मर्मअनुसार अपेक्षित काम नभए पनि केही सुधारका प्रयास सुरु भएको बताउँछन् । उनका अनुसार आन्दोलनका बेला युवामाझ बालेन्द्र शाहप्रति ठूलो विश्वास थियो ।

उनलाई प्रधानमन्त्रीका रूपमा हेर्ने अपेक्षा पनि थियो। ‘त्यतिबेला सबैको सर्वप्रिय नेता बालेन शाह नै हुनुहुन्थ्यो । उहाँलाई प्रधानमन्त्री बनाउनुपर्छ भन्ने अपेक्षा जेन-जीहरूमा थियो । उहाँ प्रधानमन्त्री पनि बन्नुभयो । नेतृत्वमा पुगेपछि देशमा परिवर्तन आउला भन्ने अपेक्षा

▶▶ बाँकी ३ पेजमा

# जोखिमपूर्ण यात्रामा रहेका ४६४ को उद्धार

◣युग संवाददाता
बाँके, २२ भदौ ।

जोखिमपूर्ण यात्रामा रहेका ४६४ जनालाई बाँकेको नेपालगन्जस्थित जमुनाहानाकाबाट उद्धार गरिएको छ। मानव बेचबिखनविरुद्ध क्रियाशील संस्था माइती नेपाल, नेपालगन्जले आर्थिक वर्ष २०८२/८३ मा जोखिमपूर्ण अवस्थामा यात्रा गरिरहेकालाई सीमानाकाबाट उद्धार गरेको हो ।

माइती नेपाल नेपालगन्जका संयोजक केशव कोइरालाका अनुसार उद्धार गरिएकालाई आवश्यक परामर्शपश्चात् सुरक्षित रूपमा परिवारको जिम्मा लगाइएको हो । आर्थिक प्रलोभन, चेतनाको कमी, घरायसी समस्या र प्रविधिको असन्तुलित प्रयोगका कारण सीमावर्ती क्षेत्रमा बेचबिखनको जोखिम बढ्दो छ ।

“हामीले नाकामा कडाइ र भारतबाट उद्धारको प्रयास गरिरहेका छौं, तर खोजतलासका लागि आउने निवेदनको चापले समुदायस्तरमै व्यापक सचेतना र सरकारी तहबाट रोजगार तथा सुरक्षाको ठोस नीति आवश्यक छ भन्ने देखाउँछ”, संयोजक कोइरालाले भने । खुला सीमा, विपन्नता र चेतनाको अभावका बीच गैरसरकारी संस्था र प्रहरी प्रशासनको निगरानीले धेरैको जीवन जोगिए पनि हराइरहेका सयौं नागरिकको खोजी र पुनर्स्थापना अझै चुनौतीका रूपमा रहेको उनको भनाइ छ । सीमानाकामा सतर्कताका बाबजुद विभिन्न प्रलोभन, सामाजिक सञ्जालको दुरुपयोग र गलत सूचनाका कारण भारत पुऱ्याइएर श्रम तथा यौन शोषणमा परेका १० जनालाई सोही अवधिमा उद्धार गरी स्वदेश फर्काइएको छ । माइती नेपालले भारतीय प्रहरी, दूतावास र स्थानीय गैरसरकारी संस्थासँगको समन्वयमा भारतका विभिन्न सहर र कोठीबाट उनीहरूको उद्धार गरेको संयोजक कोइरालाले बताए ।

हराएका आफन्तको खोजतलास र उद्धारका लागि माइती नेपाल नेपालगन्जको कार्यालयमा गत आर्थिक वर्षमा एक हजार १८ निवेदन परेकामा ५६८ जना फेलापरेका छन् । यस्तै, ४५० जनाको स्थिति अज्ञात रहेको कोइरालाले जानकारी दिए ।

उनका अनुसार मानव बेचबिखनमा संलग्नलाई कानुनी दायरामा ल्याउन र पीडितलाई न्याय दिलाउन संस्थाले निरन्तर कानुनी सहायता प्रदान गर्दै आएको छ । गत वर्ष मानव बेचबिखन तथा ओसार पसारविरुद्धका तीन मुद्दामा पीडित र प्रभावितलाई माइती नेपालले प्रत्यक्ष कानुनी सहायता उपलब्ध गराएको थियो ।

# कर्णाली राजमार्ग अवरुद्ध हुँदा स्याउ व्यापारी मर्कामा

◣युग संवाददाता
सुर्खेत, २२ भदौ ।

यतिबेला जुम्ला, मुगु तथा हुम्लामा उत्पादित स्याउ निर्यातको ‘प्रमुख सिजन’ चलिरहेको छ। स्याउले भरिभराउ दर्जनौं गाडी दैनिकजसो सुर्खेत, नेपालगन्ज, बुटबल, चितवन, पोखरा, काठमाडौं, वीरगन्जलगायत देशका प्रमुख सहरमा पुगिरहेका छन् ।



अविरल वर्षाका कारण कर्णाली राजमार्गअन्तर्गत जुम्ला-कालीकोट-दैलेख सडकखण्डका विभिन्न स्थानमा पहिरो जाँदा सवारी आवागमन पूर्ण रूपले अवरुद्ध भएको छ। तीन दिनदेखि स्याउ बोकेर हिंडेका गाडी सडकमै थन्किएका छन् ।

जुम्लाबाट छुटेपश्चात् एकदुई दिनमा सुर्खेत नेपालगन्ज पुग्ने लक्ष्य राखेर हिँडेका गाडी पहिरोका कारण सडकमै अलपत्र परेपछि स्याउ कुहिने हो कि भन्ने चिन्ताले उनीहरूलाई पिरोलेको छ। स्याउ व्यापारी मक्कर शाहीले

▶▶ बाँकी ४ पेजमा







## सम्पादकीय....

# किन बनेन फायर वाचिङ टावर ?

वीरेन्द्रनगर उपत्यकाबाट उत्तरतर्फको डाँडामा उभिएको एउटा अधुरो कंक्रिट संरचनाले सरकारी विकास योजनाको अर्को दुःखद कथा बोलिरहेको छ। पाँच तलाको देउती फायर वाचिङ टावर बनाउने योजनासहित २०७५ सालमा जग हालिएको थियो। तर, सात वर्ष बितिसक्दा पनि टावर तीन तलामै अड्किएको छ। निर्माणमै २४ लाख ७९ हजार रुपैयाँ खर्च भइसकेको छ, तर संरचना प्रयोगमा आउन सकेको छैन। कागजमा यो सामान्य योजना होइन। जंगलमा डढेलो लागे-नलागेको निगरानी गर्ने उद्देश्यले करिब ७५ लाख रुपैयाँ लागत अनुमान गरिएको थियो। तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको थियो। तर, सुरुका दुई आर्थिक वर्षमा केही काम भएपछि योजना रोकियो। त्यसपछि बजेट नआएको, फेरी बजेट आए पनि खर्च नभएको र अहिले योजना अघि बढाउने कि नबढाउने भन्नेमै सरकारी निकाय अन्यौंलमा छन्। यहीँबाट सरकारको योजना छनौंट र कार्यान्वयन क्षमतामाथी गम्भीर प्रश्न उठ्छ। सार्वजनिक स्रोत सीमित छ। नागरिकका आधारभूत आवश्यकता पूरा गर्न राज्यले पर्याप्त बजेट जुटाउन नसकिरहेका बेला एउटा योजनामा लाखौं रुपैयाँ खर्च गरेर त्यसलाई वर्षौंसम्म अलपत्र छाड्नु कुनै पनि हिसाबले उचित हुन सक्दैन।

अझ गम्भिर विषय त के छ भने अधुरो संरचना लामो समय घाम र पानीमा खुला छाडिएको छ। बाहिर निस्किएका सरियामा खिया लाग्ने र कंक्रिट कमजोर हुने जोखिम छ। अब बाँकी निर्माण अघि बढाउनुअघि संरचनाको प्राविधिक परीक्षण गर्नुपर्ने अवस्था आएको छ। यसले राज्यले गरेको प्रारम्भिक लगानीलाई थप जोखिममा पारेको छ। कोरोना महामारीका कारण काम रोकिएको उपभोक्ता समितिको भनाइ छ। पछिल्लो पटक २०७९/०८० मा २५ लाख रुपैयाँ बजेट आए पनि काम गर्ने समय १४ दिन मात्रै दिइएको र त्यस अवधिमा निर्माण सम्भव नभएको बताइएको छ। निर्माण व्यवसायीले समेत ठेक्का लिन नमानेको कारण देखाइएको छ। तर यी कारणले योजना वर्षौंसम्म अनिर्णयको बन्दी बनिरहनुपर्ने होइन। सरकारी कार्यालयका जिम्मेवार अधिकारीले नै योजना आफू आउनुअघिको भन्दै निर्माण गर्ने वा नगर्ने विषयमा छलफल नभएको बताउनु अझ चिन्ताजनक हो। कुनै योजना कुन अवस्थामा छ, त्यसमा कति सार्वजनिक रकम खर्च भइसक्यो र त्यसको प्रतिफल कसरी सुनिश्चित गर्ने भन्ने अभिलेख र जवाफदेहिता त सम्बन्धित निकायको हुनैपर्छ।

फायर वाचिङ टावरको उपयोगितामाथी पनि प्रश्न उठेको छ। टावरबाट डढेलो देखिए पनि नियन्त्रणका लागि आवश्यक प्रविधि, जनशक्ति र स्रोतसाधन छैन भने त्यसको औचित्य सीमित हुन्छ। त्यसैले अब हतारमा थप बजेट खन्याउने होइन, यसको उपयोगिता, प्राविधिक अवस्था र आवश्यकताको वस्तुगत मूल्याङ्कन गर्नुपर्छ। यदि योजना आवश्यक र उपयोगी छ भने बाँकी काम पूरा गरी तत्काल सञ्चालनमा ल्याउनुपर्छ। उपयोगिता छैन भने अहिलेसम्म खर्च भएको रकमको जवाफदेहिता खोज्दै उचित निर्णय लिनुपर्छ। तर, जनताको करबाट बनेको संरचनालाई झाडीभित्र अलपत्र छाडेर राज्य उम्कन मिल्दैन। विकास बजेट खर्च गर्नु मात्र उपलब्धि होइन। खर्च भएको प्रत्येक रुपैयाँले नागरिकलाई प्रतिफल दिनुपर्छ। देउती फायर वाचिङ टावरले सरकारलाई यही आधारभूत पाठ फेरि सम्झाएको छ।

## विश्व

# अमेरिकाले फेरि थाल्यो रुस-युक्रेन द्वन्द्वको मध्यस्थता प्रयास

**किभ, २२ भदौ ।**
रुस-युक्रेन युद्ध अन्त्य गर्ने प्रयासस्वरूप पहिलो पटक औपचारिक भ्रमणका लागि किभ पुगेका अमेरिकी दूतहरु स्टिभ विटकफ र जारेद कुस्नरले आइतबार युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग सकारात्मक वार्ता भएको बताएका छन्।

तर, युद्ध अन्त्यका लागि भने कुनै ठोस प्रगति सार्वजनिक हुन सकेन।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले सन् २०२४ मा चुनावी अभियानका क्रममा आफु विजयी भएको २४ घण्टाभित्रै रुस-युक्रेन युद्ध अन्त्य गर्ने दाबी गरेका थिए।

उनले राष्ट्रपति बनेदेखि नै युद्ध अन्त्यका लागि पहल गर्दै आएका छन्। तर, झन्डै ७ महिनाअघि इजरायलसँग मिलेर इरानमा आक्रमण गरेपछि यस वार्ताबाट उनको ध्यान मोडिएको थियो।

तर, अमेरिकी टोलीले फेरि शनिबारदेखि मध्यस्थता प्रयास सुरु गरेको छ। शनिबार, अमेरिकी दूतहरु स्टिभ विटकफ र जारेद कुस्नर रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेट्न मस्को निस्किएका थिए।

यद्यपी, पुटिनसँगको ३ घण्टा लामो गोप्य भेटमा पनि कुनै निष्कर्ष भने निस्किएन। त्यसपछि मस्कोबाट हिंडेको टोलीले आइतबार किभमा जेलेन्स्कीसँग वार्ता गरेको हो।

मस्को र किभ दुबैबीच भूभागलाई लिएर आ-आफ्नै दाबी छ। रुसले डोन्बस क्षेत्रका अधिकांश भूभाग कब्जा गरेको छ र डोन्बस क्षेत्र आफ्नो हुनुपर्ने माग राखिरहेको छ।

युक्रेनले यसलाई सीधा अस्वीकार गर्दै आफ्नो भूभाग कुनै पनि हालतमा सुम्पन नसकिने जनाएको छ। अमेरिकी दूत कुस्नरले दुबै पक्षलाई सम्झौतामा ल्याउनु कठिन भएपनि यसका लागि अनुकूल वातावरण तयार पार्न अमेरिकाले पर्दापछाडि रहेर काम गरिरहेको बताएका छन्। कुस्नरले भने, 'यो निकै नै जटिल समस्या हो, तर हामी प्रयास गर्नेछौं।'

युक्रेन युद्धमा अहिले रुसले तीव्र गतिका जेट-सञ्चालित ड्रोनहरूको प्रयोग बढाएको छ। किभमा बारम्बार बज्ने हवाई आक्रमणका साइरनहरू त्यहाँका बासिन्दाको दैनिक जीवनकै हिस्सा बनिसकेका छन्।

युक्रेनले पनि जवाफमा मस्कोमा हवाई तथा ड्रोन आक्रमण गरिरहेको छ। दुई देशबीचको सीमा क्षेत्रमा भने तनाव कम छ।

आइतबार राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले अमेरिकी दूतहरूसँग तीन चरणमा वार्ता गरेका थिए। वार्ताको अन्तिम चरणमा बेलायत, फ्रान्स र जर्मनीका राष्ट्रिय सुरक्षा सल्लाहकारहरू पनि सहभागी भएका थिए।

वार्ताका दौरान पेट्रिओट प्रणालीलगायतका हवाई प्रतिरक्षा प्रणालीमा सहयोग गर्न अमेरिकासँग आग्रह गरिएको जेलेन्स्कीले बताए। युक्रेनले ऊर्जा पूर्वाधार पुनर्निर्माणमा पनि सहयोग खोजेको उनले बताए।

रुसी आक्रमणमा परेर युक्रेनका धेरै पूर्वाधार ध्वस्त भइसकेका छन्। पुनर्निर्माण कार्यमा अमेरिकासँगै युरोपेली साझेदारहरुको भूमिका पनि महत्वपूर्ण रहने जेलेन्स्कीले बताएका छन्।

# जहाँ पाक्छ निःशुल्क खाना

✍ **सजना तिमल्सिना/रासस**

ललितपुरको ग्वार्कोबाट पाँच किलोमिटरको दूरीमा छ, महालक्ष्मी नगरपालिका-८ लुभु। गोदावरी खोलाबाट देब्रे लागेपछि झण्डै पाँच सय मिटर हिंडेपछि पुगिने एउटा वस्तीमा अलि फरक दृश्य देखिन्छ।

वरिपरि नयाँ घर बनिरहेका छन्। वस्ती बाक्लो बन्दै गएपनि एउटा जग्गा खाली छ। त्यो खाली जमिनमा असरल्ल ठूला-साना ढुङ्गा छन्। तिनै ढुङ्गामाथि दुई वटा चियादानी र एउटा कुकर राखिएको छ। एउटा चियादानीमा पानी उम्लिरहेको छ भने अर्कोमा चिया पाकिरहेको छ। कुकरमा सिट्ठी लागिरहेको छ।



बजारमा खाना पकाउने एलपी ग्यासको अभाव भएको बेला यहाँ स्थानीयले निःशुल्करुपमै दैनिक खाना पकाइरहेका छन्। "यसरी खाना पकाएको धेरै भयो। खुला जमिनमा २४ घण्टा आगो बलिरहन्छ। यसैमा खाना पकाएर घरमा लगेर खान्छौँ," हुम्ला घर भइ लुभु-८ भाडाको घरमा बस्दै आउनुभएकी अनिता जैशीले भन्नुभयो।

घर नजिकै रहेको खाली जग्गामा खेर गइरहेको ग्यासको सदुपयोग गरेको उहाँ बताउनुहुन्छ। निःशुल्क ग्यास सदुपयोगको अनुभव सुनाउँदै उहाँले भन्नुभयो, "बिहान बेलुका दाल, गेडागुडी पकाउँछु। मैले मात्र होइन साँझ र बिहान वरिपरि घर भएका धेरै परिवारले दाल-भात पकाउनुहुन्छ।"

घरमा खाना पकाउन प्रयोग हुने ग्यासजस्तै प्राकृतिक रूपमा निस्किएको ग्यासले स्थानीयको भान्साको काम गरिरहेको छ। भान्सामा मात्र सीमित नभई कतिपयको लागि यो ग्यास आयस्रोतको बाटो पनि बनेको छ। उहाँ भन्नुहुन्छ, "हामी साँझबिहान मात्रै पकाउँछौं, एक जना दिदीले त दिनभरि मकै पोलेर राम्रो आम्दानी गर्नुहुन्छ।"

चार जनाको परिवारलाई बिहान बेलुका दाल, भात र तरकारी पकाउन पुग्ने उहाँको भनाइ छ। राजधानीमै रहेर पनि यो ठाउँमा सरकारको नजर नपुगेको जैशी बताउनुहुन्छ। "बजारमा ग्यास किन्न पनि पाइँदैन। राजधानी सहरमै यस्तो ग्यास छ। थोरै मान्छेलाई वा एक दुई सय परिवारलाई त पुग्ने थियो तर किन सरकारले सदुपयोग नगरेको हो भन्ने लाग्छ", जैशी भन्नुहुन्छ।

उहाँ जस्तै अरू स्थानीय पनि बिहान-बेलुका भाँडाकुँडा बोकेर यही ठाउँमा पुग्छन्। कसैका लागि यो वर्षौंदेखिको परिचित ठाउँ हो भने कसैका लागि प्रकृतिले दिएको अनौठो उपहार। ललितपुर सानागाउँका ५६ वर्षीय बाबुकाजी महर्जन यो ग्यासमा खाना पकाउन आउनेहरूको संख्या समयअनुसार बढिरहेको बताउनुहुन्छ। "घरमा ग्यास किन्नुपर्छ। यहाँ प्रकृतिले दिएको ग्यास छ। यसको राम्रोसँग अध्ययन गरेर प्रयोग गर्न सके स्थानीयलाई ठूलो सुविधा हुन्थ्यो," उहाँ भन्नुहुन्छ।

महर्जन यो ग्यास ४५ वर्षदेखि खेर गइरहेको सुनाउनुहुन्छ। बाल्यकालदेखि नै आगो उस्तै बलिरहेको उहाँको भनाइ छ। महर्जन थप्नुहुन्छ, "न घाम न पानी, न हुरी न आँधी यो आगो निरन्तर बलिरहेको छ। पहिले यहाँ पूरै घारी थियो, अहिले घर बन्न थालिसके। यसरी ग्यास निरन्तर बलिरहँदा बस्तीका लागि जोखिम पनि भयो नि!"

यही आगोले एउटा ठूलो प्रश्न पनि उठाएको छ–जमिनमुनिबाट निरन्तर निस्किरहेको यो ग्यास आखिर के हो ? यसको मात्रा कति छ ? र यसलाई स्थानीय ऊर्जा स्रोतका रूपमा प्रयोग गर्न सकिन्छ कि सकिँदैन ? स्थानीयले वर्षौंदेखि प्रयोग गर्दै आए पनि यसको वैज्ञानिक सम्भाव्यताबारे भने पर्याप्त अध्ययन भएको देखिँदैन।

वडाध्यक्ष विश्वराज श्रेष्ठ यसबारेमा विभिन्न संस्थाले अध्ययन गरिसकेको बताउनुहुन्छ। " आगो निस्किएको धेरै भयो। अध्ययन पनि धेरै भयो। तर ग्यास निकाल्न मिल्दैन भन्ने निष्कर्ष सार्वजनिक भए। जग्गा धनी पनि यहाँ छैनन्। त्यही भएर अलि अप्ठ्यारो भएको छ। म यसबारेमा एकपल्ट फेरि खानी तथा भूगर्भ विभागमा बुझ्छु", उहाँले थप्नुभयो।

वडाध्यक्ष श्रेष्ठको यो दोस्रो कार्यकाल हो। पहिलो कार्यकालमा नै लुभुमा ग्यासको सम्भाव्यता र सदुपयोगको लागि पहल गरे पनि अझै केही हुन नसकेको उहाँको भनाइ छ। "हामी आउनुभन्दा अगाडि नै एउटा इँटा कारखाना थियो। त्यसको लागि बोरिङ खन्ने क्रममा यो निस्किएको हो। २०७२ सालको भूकम्पमा चिया पकाउने, खाना पकाउनेको भिड हुन्थ्यो। विभिन्न अध्ययनले व्यावसायिक उत्पादन हुँदैन भनेपछि बन्द गर्न खोजेको त्यो पनि हुँदैन। पाइप राखेर मिलाएका थियौं। तर मान्छेहरु गएर बिगारिदिन्छन्", उहाँले गुनासो गर्दै भन्नुभयो।

खानी तथा भूगर्भ विभागले यहाँको ग्यास स्टोर गर्न नमिल्ने भनेपछि केही नगरेको महालक्ष्मी नगरपालिकाका प्रमुख हरिगोविन्द श्रेष्ठ बताउनुहुन्छ। "खानी तथा भूगर्भ विभागमा यसबारेमा पहिले नै कुरा भएको थियो। तर यहाँबाट निस्किएको ग्यास भण्डारण गर्न मिल्ने खालको छैन भनेपछि त्यसै छाडेको हो", उहाँले भन्नुभयो।

लुभुको वडा नं ८ मा यो पुरानो आगो भए पनि आसपास बोरिङ खन्दा ग्यास निस्कने गरेको उहाँको भनाइ छ। उहाँ भन्नुहुन्छ, " अस्ति पनि डिप बोरिङ गर्दा खोलाको किनारमा ग्यास निस्किएको थियो। यो ठाउँमा किन यस्तो हुन्छ भनेर गहिरो अध्ययन गर्न आवश्यक छ।"

खानी तथा भूगर्भ विभाग, पेट्रोलियम परियोजनाका निमित्त प्रमुख धर्मराज खड्काका अनुसार जमिनबाट प्राकृतिक रूपमा ज्वलनशील ग्यास निस्कनु भूगर्भीय प्रक्रियासँग सम्बन्धित हुन सक्छ। कुनै स्थानमा ग्यास बलिरहेको देखिनु मात्रै त्यसलाई व्यावसायिक रूपमा उत्खनन गर्न सकिने पर्याप्त प्रमाण नभएको उहाँ बताउनुहुन्छ। "व्यवसायिक उत्पादन र उत्खनन्का लागि विस्तृत भूगर्भीय अध्ययन, ग्यासको रासायनिक परीक्षण, भण्डारको अनुमान र आर्थिक तथा प्राविधिक सम्भाव्यता अध्ययन आवश्यक हुन्छ।"

विसं २०७२ मा भूकम्प गएपछि काठमाडौँ उपत्यकाको धेरै ठाउँमा यस्तो ग्यास निस्किएको उहाँ बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "बालुवा भएको ठाउँ ठाउँमा पानी सित घुलेर यस्तो ग्यास बसेको हुन्छ। २०७२ सालको भूकम्पमा तलको पानी र बालुवा घुलेर यो ग्यास निस्किएको हो। कुनै ठाउँमा इनार खन्दा यस्तो ग्यास निस्कन्छ। लुभुमा पनि अहिले त्यस्तै ग्यास निस्किएको हुनसक्छ। यो प्राकृतिक भन्दा पनि बायोजेनिक ग्यास हो। दैलेखतिर पाउनेजस्तो थर्मोजेनिक ग्यास चाहिँ होइन।"

बायोजेनिक ग्यास वैज्ञानिक रूपमा प्रयोग गर्न नमिल्ने उहाँ बताउनुहुन्छ। पेट्रोलियम परियोजनाका निमित्त प्रमुख खड्का भन्नुहुन्छ, "काठमाडौँ उपत्यकाको बाक्लो वस्तीमा भेटिएको बायोजेनिक ग्यास व्यावसायिक रूपमा प्रयोग गर्न मिल्दैन। यसको प्रयोगले समस्या ल्याउँछ।" यस्तो ग्यास उपत्यकाका विभिन्न ठाउँमा निस्किरहेको उहाँको भनाइ छ। "काठमाडौँको टेकुमा पनि निस्किएको थियो। केही समय टेकुमा पनि स्थानीयले उपयोग गरे तर अहिले बन्द छ। कुनै ठाउँमा पहिलेदेखि निस्किएको होला त्यो त हामीलाई भन्दा पनि स्थानीयलाई थाहा हुन्छ।" खड्काका अनुसार उपत्यकामा कालीमाटी भएको ठाउँ ग्यास उत्सर्जन गर्ने स्रोत हो। त्यहाँबाट निस्किएको ग्यास बालुवाको माथिल्लो तहमा थोरै थोरै बसेको हुन्छ। कुनै ठाउँमा इनार खन्दा, कुनै ठाउँमा नदी किनार र खोँचहरुमा निस्कन्छ।

### अनुसन्धान गर्न स्थानीयको माग

नगरपालिकाले मात्रै होइन, संघीय तहका सम्बन्धित निकायले समेत लुभुको ग्यासको वैज्ञानिक अध्ययन गर्नुपर्ने स्थानीयको माग छ। बाबुकाजी महर्जन भन्नुहुन्छ, "मैले ४६ वर्षदेखि लगातार ग्यास बलिरहेको देखेको छु। यो ग्यासको अनुसन्धान गरेर उपयोग गर्न सरकारलाई अनुरोध गर्दछु।" लुभुको जमिनमुनि कति ग्यास छ भन्ने कुरा अहिले अनुमान गर्न सकिँदैन। महर्जन भन्नुहुन्छ, "जमिनबाट निस्किएको ग्यासमा वर्षौंदेखि स्थानीयको खाना पाकिरहेको छ। यो विषयलाई सरकारले गम्भीर रूपमा लिनुपर्छ।"

महालक्ष्मी नगरपालिकाले व्यवसायीक ग्यास उत्पादन गर्न नसके पनि यो क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा संरक्षण गर्न सक्छ। तर यो विषयमा नगरपालिकाको ध्यान पुगेको देखिँदैन। नगरपालिकाको सानो लापरवाहीले वस्ती बढ्दै जाँदा कहिल्यै ननिभ्ने ग्यासका कारण यो क्षेत्र जोखिममा पर्नसक्ने महर्जनको भनाई छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – विभिन्न कामका अवसर प्राप्त हुनेछन् भने पेसा-व्यवसायमा पनि फाइदा हुनेछ। श्रम परे पनि राम्रो प्रतिफल प्राप्त हुनेछ।

**वृष** – अवसर प्राप्त भए पनि आत्मविश्वासको कमीले पछि परिनेछ। फजुल खर्च बढ्नेछ। शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ।

**मिथुन** – लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ। काम पूरा नभए पनि आंशिक फाइदा हुनेछ। हतारमा निर्णय लिँदा काम दोहोर्याउनुपर्ने हुन सक्छ।

**कर्कट** – आकस्मिक खर्च बढ्नेछ भने आम्दानी कम हुनेछ। व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला।

**सिंह** – प्रयत्न गर्दा व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ। श्रमको उचित मूल्य पाइनेछ। आम्दानी बढ्नेछ। रोकिएको काम बन्नेछ।

**कन्या** – आफ्नो क्षेत्रमा प्रभुत्व जमाउँदै दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। लगनशीलताले विभिन्न अवसर दिलाउनेछ। विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ।

**तुला** – समाजमा विवादास्पद काम गर्नुपर्दा समस्यामा परिनेछ। ईर्ष्यालु मन भएकाहरूले सताउनेछन्। अरूका काममा धेरै समय व्यतीत गर्नुपर्नेछ।

**वृश्चिक** – अस्वस्थताले काममा बाधा पुग्न सक्छ। खर्च र चुनौतीको समय रहेको हुँदा अलि सजग रहनुपर्ला। अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन

**धनु** – प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। खानपान एवं मनोरञ्जनमा रमाउने समय छ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ।

**मकर** – स्रोतसाधन जुट्नाले काम बन्नेछ। लगानी बढाउनुपरे पनि नयाँ व्यवसाय थालनी हुनेछ। बलभन्दा बुद्धि लगाउँदा लक्ष्य प्राप्ति हुनेछ।

**कुम्भ** – कामको मेसो नमिल्दा केही अलमल हुनेछ। समयमा गम्भीर नबन्दा पनि दुःख पाइनेछ। स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला।

**मीन** – काममा बाधा पुर्याउनेहरू देखा पर्नेछन्। बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ। साझेदारीमा असमझदारी बढ्नेछ।

युगआह्वान
राष्ट्रिय दैनिक

# नमूना बस्ती पहिरोको उच्च जोखिममा

**युग संवाददाता**
**दैलेख, २२ भदौ ।**

अविरल वर्षाका कारण दैलेखको नारायण नगरपालिका-१, नमूना बस्ती पहिरोको उच्च जोखिममा छ। आइतबार परेको झरीका कारण गए राती बस्तीमा पहिरो जान थाले पछि आठ घर परिवारका ३७ जना सर्वसाधारण विस्थापित भएका छन्।

पहिरोको जोखिम बढे लगत्तै जिल्ला प्रहरी कार्यालय, दैलेखबाट प्रहरी निरीक्षक ऋषिकेश गौतम हरिजनको कमाण्डमा खटिएको टोलीले स्थानीय जन प्रतिनिधिसँग समन्वय गरी पीडितलाई उद्धार गरेको छ।

विस्थापित ३७ जनालाई सोही वडामा रहेको तरकारी सङ्कलन केन्द्रको भवनमा राखिएको छ। भिरालोमा रहेको ६५ घरधुरीको यो बादी बस्तीमा एउटा घर पुरिँदा सिङ्गो बस्ती नै जोखिममा पर्ने अवस्था छ।

यसअघि पहिरोमापरी रूपा बादी, उनकी छोरी सपना र छोरा विष्णुको मृत्यु भइसकेकाले स्थानीयवासी त्रासमा छन्। विस्थापित कमला बाढीले पटक-पटक कारागार, भेटेरिनरी र तरकारी सङ्कलन केन्द्रमा आश्रय लिनुपर्ने बाध्यता रहेको भन्दै स्थायी स्थानान्तरण नभएसम्म पुरानो बस्तीमा नफर्किने बताए।

नारायण नगरपालिका-१ का वडाध्यक्ष सन्देश श्रेष्ठले बस्तीको प्रत्यक्ष अनुगमन गरी प्रभावितसँग छलफल गरिएको जानकारी दिए।

## आन्दोलनको ...

थियो। तर, अपेक्षाअनुसार नभएको हो कि जस्तो लाग्छ,' सिंहले भने।

यद्यपि, सरकारका कामको अहिले नै अन्तिम मूल्याङ्कन गर्नु हतार हुने उनको धारणा छ। सरकारलाई काम गर्ने समय दिनुपर्ने उनी बताउँछन्। 'सरकारका काममा अहिले नै टिप्पणी गर्न हतारो हुन्छ जस्तो लाग्छ। सरकारको परीक्षण काल हुन्छ। विकास कुनै जादुको छडी होइन, यो प्रक्रियाबाट आउने कुरा हो। त्यसैले केही समय पर्खनुपर्छ,' उनले भने।

शिक्षा, स्वास्थ्य, रोजगारी, प्रविधिको विकास, सार्वजनिक सेवा प्रवाह र निर्णय प्रक्रियामा भने आफूहरूले खोजेको परिवर्तन अझै कमजोर रहेको सिंहको बुझाइ छ। उनका अनुसार जेन-जी आन्दोलनपछि नेतृत्वमा आएका राजनीतिक व्यक्तिहरू नागरिकभन्दा बढी आफूकेन्द्रित देखिएका छन्।

यद्यपि, स्थिर सरकार बनेकाले आफूहरूले उठाएका माग र अपेक्षा पूरा हुनेमा उनी आशावादी छन्। सुर्खेतमा भएको जेनजी आन्दोलनको अग्र भागमा रहेका मध्येका एक युवा कुमार समेशर थापाको अनुभूतिले पनि अपेक्षाअनुसार सार्वजनिक सेवामा परिवर्तन नभएको देखाउँछ।

'अहिलेको बहुमतको सरकार सुशासन कायम गर्ने भनेर लागिरहँदा सार्वजनिक प्रशासनमा भएका कर्मचारीहरुमा त्रास देखिएको छ, यसले सेवा लिन जाने सेवाग्राहीलाई अहिल सहज भएको देखिन्छ,' उनी भन्छन्, 'तर लाइन होइन, अनलाईन भन्ने जस्ता सरकारले जुन खालका प्रतिबद्धता गरेको थियो। त्यसअनुसार कर्णालीमा हुन सकेको छैन। कर्णालीमा परिवर्तनका लागि अझ काम गर्नुपर्ने हुन्छ।'

जेन-जी आन्दोलनमा प्रहरीको गोली लागेर घाइते भएका सन्तोष बोहोराकी श्रीमती निर्मला खड्काले सरकारले बाँचा गरेअनुसार श्रीमान्‌लाई जिवन निर्वाह भत्ता र आफुलाई रोजगारी दिएको भएपनि अपेक्षा गरे अनुसार नभएको गुनासो गर्छिन।

'मेरो श्रीमान घाइते भएदेखि मैंले उहाँबाट पाउने साथ राज्यले पनि मलाई दिन सक्दैन। तर, म प्राविधिक जनशक्ति हो। तर, म अहिले अस्पतालमा सहयोगी छु,' उनी भन्छिन्, 'मलाई मेरो योग्यता र क्षमताअनुसार अस्पतालमै नभएपनि नगरपालिका वा कतै जागिर दिएको भए म खुशी हुने थिएँ। अर्को कुरा मेरा छोरीलाई राम्रो विद्यालयमा पढाईदिन्छु भनेका थिए, सरकारले पूरा गरिदिए हुन्थ्यो।' उनका श्रीमान् सन्तोष २४ भदौमा प्रहरीले चलाएको गोली लागेर गम्भीर घाइते भएका थिए। उनको गोली लागेर दुवै आँखा गुमेका छन्।

### खजुराको प्रशंसनीय कामः

# बाँझो जमिन आम्दानीको स्रोत

**युग संवाददाता**
**बाँके, २२ भदौ ।**



खजुरा गाँउपालिकाले प्रशंसनीय काम गरेको छ। खेर गइरहेको बाँझो जमिनलाई वडाको मुख्य आम्दानीको स्रोत बनाएकाले उदाहरणीय काम गरेको हो। बाँकेको खजुरा गाउँपालिका-२ ले दुई बिघा सार्वजनिक जग्गामा अम्बा, आँप, लिची, कटहर, सुनकागती र ज्यामिरका बिरुवा रोपेर व्यावसायिक फलफूलखेती सुरु गरेको छ।

ताजा तथा अर्गानिक फल स्थानीय लाई बिक्री गर्ने र वडाको आम्दानी बढाउने उद्देश्यले फलफूलखेती सुरु गरिएको गाउँपालिकाले जनाएको छ। वडाध्यक्ष धनराम ओलीले स्थानीयलाई कृषिप्रति आकर्षित गर्ने र जमिन बाँझो राख्न हुन्न भन्ने उदाहरण जनतालाई सिकाउने र देखाउने हाम्रो मुख्य उद्देश्य रहेको जानकारी दिए।

अध्यक्ष ओलीले वडा कार्यालयको नाममा रहेको सार्वजनिक जग्गालाई ठेक्कामा दिने पुरानो अभ्यासको अन्त्य गरी वडा कार्यालयले उक्त खेती सुरु गरेको बताए। साविक सीतापुर गाविसको नाममा रहेको एक बिघा सात कठ्ठा जग्गा यसअघि वार्षिक १० हजार रुपैयाँमा ठेक्कामा दिने प्रचलन थियो। कतिपय वर्ष ठेक्का नलाग्दा जग्गा बाँझै रहने अवस्थाको भने हाल अन्त्य भएको छ। उनले जनप्रतिनिधि र कर्मचारीको संयुक्त प्रयासमा सार्वजनिक सम्पत्तिलाई उत्पादनसँग जोड्ने अवधारणाअनुसार बागवानी खेती सुरु गरिएको बताए।

सार्वजनिक जग्गालाई उत्पादनसँग जोड्ने अभ्यास खजुरा गाँउपालिकाले सुरु गरेको भएको छ। उक्त अभियान खजुरा वडा नम्बर २ मा मात्र सीमित नरही देशभरका वडाले अनुसरण गर्न सके सार्वजनिक सम्पत्तिको उपयोग बढ्नुका साथै कृषि उत्पादनमा समेत सकारात्मक प्रभाव पर्छ। कृषि अभियान्ता कृष्ण पौडेलले जानकारी दिए।

नेपालमा युवा जनशक्ति रोजगारीका लागि विदेशपलायन भइरहेका बेला गाउँमा रहेका ज्येष्ठ नागरिकले खेती गर्न कठिन हुने अवस्थालाई मध्यनजर गर्दै बागवानी खेतीलाई वडाले प्राथमिकता दिइएकामा स्थानीयवासी खुसी छन्। अन्नबालीभन्दा बागवानी खेतीमा धेरै श्रम आवश्यक पर्दैन। आम्दानी पनि राम्रो हुन्छ। फलफूलखेती गर्नाले भिरालो जमिनको माटो समेत कसिले बन्छ। र पहिरो जाने सम्भावना कम रहन्छ।

एक पटक बिरुवा रोपेपछि नियमित सिँचाइ, रोग नियन्त्रण र वर्षमा दुई पटक मल व्यवस्थापन गरे पुग्छ। त्यसैले कम श्रममा पनि राम्रो उत्पादन लिन सकिन्छ। हाल वडाले दुई बिघा क्षेत्रफलमा थाइवान पिङ्ग प्रजातिका ७५ वटा अम्बा, दुई सय वटा आँप, २१ वटा कटहर, १७ वटा सुनकागती, ज्यामिर तथा एक सय वटा लिचीका बिरुवा समेत बाँझो जमिनमा लगाइएको छ।

हाल रोपिएका बिरुवाको उमेर करिब २३ महिना पुगेको छ। बागवानी विज्ञ र कृषि प्राविधिकको सल्लाहअनुसार सुरुआती पाँच पटकसम्म बिरुवामा लागेको फूल र फल टिपेर हटाइएको थियो। कम उमेरमै फल राख्दा बिरुवाको वृद्धि कमजोर हुने भएकाले त्यसो गरिएको उनले बताए। वडाले उत्पादन हुने फलको बजारीकरणका लागि तयारी थालेको छ। वडा कार्यालयमा सेवा लिन आउने सेवाग्राही तथा स्थानीय उपभोक्तालाई राजस्व रसिद काटेर फल बिक्री गर्ने योजना रहेको छ।

बजारमा बिक्री योग्य भएपछि त्यसबेलाको बजार मूल्यलाई आधार मानेर मूल्य निर्धारण गरिने लक्ष्य छ। बाहिरबाट आउने उपभोक्ताले वडाबाटै फल खरिद गर्न सक्ने व्यवस्था गरिने भएको छ। वडा कार्यालयले यसअघि उत्पादनमूलक कृषि अभ्यास गर्दै टनेलमार्फत च्याउ उत्पादन गर्दै आएको थियो।

पछिल्ला दुई वर्षदेखि प्रतिकिलो १२० रुपैयाँमा च्याउ बिक्री गर्दै राजस्व सङ्कलन भइरहेको छ। त्यही अनुभवका आधारमा फलफूल खेतीलाई समेत राजस्वसँग जोड्ने योजना बनाइएको वडा अध्यक्ष ओलीले बताए। उनले सार्वजनिक स्थलमा रहेका सरकारी जग्गालाई उत्पादनसँग जोड्न सके आयातमा निर्भरता घट्ने, स्थानीयस्तरमै स्वच्छ तथा अर्गानिक उत्पादन उपलब्ध हुने र विदेशिने पुँजीलाई समेत रोक्न सहयोग पुग्ने विश्वास व्यक्त गरे।

बाँझो जग्गा राख्ने प्रवृत्ति अन्त्य गरी नागरिकलाई फलफूल, बागवानी, मत्स्य तथा अन्य कृषि व्यवसायतर्फ आकर्षित गर्ने उद्देश्यले अभियानलाई निरन्तरता दिइने लक्ष्य वडाले लिएको छ। हाल वडा कार्यालय परिसरमा करिब दुई बिघा क्षेत्रफल बागवानी खेतीका लागि प्रयोग भइरहेको छ भने बाँकी करिब सात कठ्ठा क्षेत्रमा वडा कार्यालयका भौतिक संरचना रहेका छन्।


## गणेशजल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

वीरेन्द्रनगर-३ जुम्लारोड, सुर्खेत

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८३/०५/२२)

**१. पद : कार्यालय व्यवस्थापक**

यस संस्थामा रिक्त रहेको कार्यालय व्यवस्थापक पदमा खुला प्रतिस्पर्धाबाट योग्य नेपाली नागरिक उम्मेदवार छनोट गर्नुपर्ने भएकाले इच्छुक उम्मेदवारहरूबाट देहायबमोजिम दरखास्त आह्वान गरिएको छ।

**(क) विज्ञापन नं. १ (२०८३/०८४)**

| पद | कार्यालय व्यवस्थापक |
|---|---|
| संख्या | १ जना |
| न्यूनतम शैक्षिक योग्यता | व्यवस्थापन/वाणिज्य/अर्थशास्त्र वा सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण वा सो सरह। |
| कार्य अनुभव | सहकारी संस्थामा प्रबन्धक वा व्यवस्थापकीय तहमा कम्तीमा ५ वर्षको कार्य अनुभव। |
| उमेर | दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ५० वर्ष ननाघेको। |
| आवश्यक कागजात | नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्र, कार्य अनुभव प्रमाणपत्र, व्यक्तिगत विवरण (बायोडाटा) र हालसालै खिचेको पासपोर्ट साइजको फोटो। |
| दरखास्त दस्तुर | रु. २,०००/- (दुई हजार मात्र)। |
| दरखास्त दिने म्याद | सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र। |
| छनोट प्रक्रिया | प्रारम्भिक छनोट, लिखित/व्यावसायिक कार्ययोजना (Business Plan) प्रस्तुतीकरण तथा अन्तर्वार्ता। |
| पारिश्रमिक तथा सुविधा | संस्थाको नियम तथा सञ्चालक समितिको निर्णयअनुसार। |

**२. पद : कनिष्ठ सहायक**

यस गणेशजल बहुउदेश्यीय सहकारी संस्था लि.को लागि निम्नानुसारको पद तथा तहमा जनशक्तिको आवश्यकता परेको हुँदा तपशिल अनुसारको योग्यता भएका ईच्छुक व्यक्तिहरुवाट आवश्यक कागजातका साथ खुल्ला प्रतिस्पर्धाको लागि निवेदन आह्वान गरिन्छ।

**(ख) विज्ञापन नं. २ (२०८३/०८४)**

| पद | आवश्यक संख्या | न्यूनत्तम योग्यता |
|---|---|---|
| कनिष्ठ सहायक | १ जना | – वाणिज्य विषयमा प्रविणता प्रमाण पत्र तह वा +२ उतिर्ण,<br>– कम्प्युटर सम्वन्धि ज्ञान भएको,<br>– २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। |
| दरखास्त दस्तुर | रु. ५००/- (पाँच सय मात्र)। | |

**३. पद : फिल्ड सहायक**

**(ग) विज्ञापन नं. ३ (२०८३/०८४)**

| पद | आवश्यक संख्या | न्यूनत्तम योग्यता |
|---|---|---|
| फिल्ड सहायक | २ जना | – एसईई पास वा सो सरह<br>– कम्प्युटर सम्वन्धि ज्ञान भएको,<br>– २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। |
| दरखास्त दस्तुर | रु. ५००/- (पाँच सय मात्र)। | |

**थप जानकारी तथा शर्तहरू:**

- उम्मेदवारले पेश गरेका कागजातहरू स्वयंद्वारा प्रमाणित गरी पेश गर्नुपर्नेछ।
- व्यावसायिक कार्ययोजनामा सहकारीको व्यवसाय विस्तार, सदस्य सेवा, कर्जा असुली, जोखिम व्यवस्थापन तथा संस्थागत सुशासनसम्बन्धी स्पष्ट योजना समावेश भएको हुनुपर्नेछ।
- छनोट सम्बन्धी अन्तिम निर्णय संस्थाको छनोट तथा सिफारिस समितिको सिफारिस र सञ्चालक समितिको निर्णयअनुसार हुनेछ।
- झुट्टा विवरण वा नक्कली कागजात पेश गरेको पाइएमा जुनसुकै चरणमा पनि दरखास्त रद्द गर्न सकिनेछ।

**पुनश्चः** अनावश्यक सिफारिसले आवेदकको योग्यता माथि प्रश्न चिन्ह खडा हुने हो कि ?

**छनोट तथा सिफारीस उपसमिति**



## चौकुने गाउँपालिका
## गाउँ कार्य पालिकाको कार्यालय

गुटु,सुर्खेत
कर्णाली प्रदेश,नेपाल

### नदीजन्य पदार्थ को लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस चौकुने गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा १०(क) मा रहेको व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ संकलन तथा बिक्री गरी यस चौकुने गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति,फर्म वा कम्पनिहरुले फर्मको नविकरण भएको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.ब. २०८२।०८३ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागी यो सचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि. नं | सूचनानं./बोलपत्रनं. | बोलपत्र कोनाम | उत्खनन् परिमाण (घ.मि.) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रू.) |
|---|---|---|---|---|---|---|
| १ | CRM/SQ /GOODS/ 01/2083-84 | चौकुने गाउँपालिका बसन्ते स्थित कोकली खोलाका घाटहरु | २०४६। (घ.मि.) | ३,६०,९९१।६५ | कबोल अँकको कम्तिमा ५% ले हुन आउने रकम | १०००।- |
| २ | CRM/SQ /GOODS/ 02/2083-84 | चौकुने गाउँपालिका स्थित जामुने खोला र जामुने कर्णाली छाल तथा घाटहरु | १०,१३६।४ (घ.मि.) | १७,८८,४४३।७१ | कबोल अँकको कम्तिमा ५% ले हुन आउने रकम | १०००।- |
| ३ | CRM/SQ /GOODS/ 03/2083-84 | चौकुने गाउँपालिका वडा नं २ स्थित धम्बु र बोला खोलाका घाटहरु | १३००२।२ (घ.मि.) | २२,९४,२३८।१९ | कबोल अँकको कम्तिमा ५% ले हुन आउने रकम | १०००।- |

**शर्तहरु :**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. ०८२-०८३ को करचुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि र ब्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,बोलपत्र फारम दस्तुर बापतको रकम लक्ष्मि सनराईज बैंक शाखा कार्यालय गुटु, सुर्खेतमा रहेको यस कार्यालयको खाता नं. ०९६०३३०००००२२ (कार्यालयक कोडः ८०१०६६८०७६,राजश्व शिर्षकः १४२२९) मा नगद जम्मा गरेको नगद भौचर साथ निबेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ७ औं दिन कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथी उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आँफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको लक्ष्मि सनराईज बैंक शाखा कार्यालय गुटु, सुर्खेतमा रहेको धरौटी खाता नं ०९६०३३०००१७२ मा नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिल्बन्दी खाम साथ पेश गर्नु पर्नेछ। खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरि बोलपत्रदाताको प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम,ठेगाना,कामको विवरण, बोलपत्र विवरण प्रोप्राइटरको नाम,ठेगाना,फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लागाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्नेछ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रीतपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि,निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्ने बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनको दिनमा गरिनेछ।

४. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले ४ औ दिन दिनको १ बजे चौकुने गाउँपालिका कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी,रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्ता बापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८४ साल अषाढ मसान्त सम्म म्याद सहित जारि गरिएको बैक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले कबोल गरेको अंक,सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार नेपाल सरकारलाई आयकार तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखीएको धरोटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ। यस गाउँपालिका वा नगरपालिका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन ,२०७४; सम्बन्धीत स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिबेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

८. वोलपत्रदाताले कार्यालयले तोकेको शर्तहरुको अधिनमा रही कार्यालयको कार्यालय प्रमुखबाट प्रमाणित नगदी रसिदको मात्र प्रयोग गर्न पाउनेछ।साथै नदीजन्य पदार्थ उत्खनन्संकलन र विक्रि वितरण को मास्केवारि गाउँपालिका कार्यालयमा पेश गर्नुपर्नेछ।साथै गाउँपालिका र अन्य अनुगमन गर्ने निकाय वा अधिकारीले नियमानुसार जुनसुकै बखत अनुगमन गर्न सक्ने छन।

९. कारण जनाइ वा नजनाई ठेक्का स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ। बोलपत्र दिंदा कुनै किसिमको शर्तनामा मान्य हुने छैन साथै रित नपुगी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन।

*(नोटः विस्तुत जानकारीको लागि यस कार्यालयको website chaukunemun.gov.np मा समेत हेर्न सकिनेछ।)*

# कर्णालीको बाढीले राजापुरमा चार घर डुबायो, नदी तटीय बस्तीका बासिन्दा त्रसित

**सरला सुवेदी**
**बर्दिया, २२ भदौ ।**

कर्णाली नदीबाट भदाली खोलामा छिरेको बाढीले बर्दियाको राजापुर नगरपालिका-१ हिमालीपुरका चार घर डुबानमा परेका छन् । नदीमा जलस्तर निरन्तर बढ्दै गएपछि तटीय क्षेत्रका बासिन्दा थप जोखिममा परेका छन् ।

बाढीले घर डुबाएपछि कल्ल सोनाहा, कल्ला सोनाहा, छेदुवा सोनाहा र राजेन्द्र सोनाहाको परिवारलाई सोमबार सुरक्षित स्थानमा सारिएको राजापुर नगरपालिका-१ का वडाध्यक्ष बाबुराम चौधरीले बताए । उनका अनुसार नदीको पानी बढ्दै गएकाले तटीय क्षेत्रमा रहेका अन्य परिवारलाई समेत सतर्क रहन आग्रह गरिएको छ ।

घर डुबानमा परेपछि सुरक्षित स्थानमा सारिएका परिवारलाई बस्नसमेत समस्या भएको छ । वर्षायाममा पटक-पटक बाढी र डुबानको सामना गर्नुपर्ने स्थानीयहरू यसपटक पनि राति पानीको सतह बढेपछि घरमा बस्न असहज भएको बताउँछन् । घरभित्र पानी पस्दा दैनिक उपभोगका सामान जोगाउन र बालबालिका तथा वृद्धवृद्धालाई सुरक्षित राख्नसमेत कठिन भएको उनीहरूको भनाई छ ।

स्थानीय शंकर थारूका अनुसार चनौरा क्षेत्रमा नदीले कटान गरिरहेको छ । कर्णालीमा जलस्तर अझै बढे सिंगो वडा नै बाढीको चपेटामा पर्ने जोखिम रहेको उनले बताए । "पानी यसरी नै बढ्दै जाने हो भने गाउँमा बाढी पस्ने र दर्जनौं घर डुबानमा पर्ने अवस्था आउन सक्छ," उनले भने ।

कर्णाली नदीको तटीय क्षेत्रअन्तर्गत टिउनीलगायत स्थान पनि बाढीको उच्च जोखिममा रहेको स्थानीय जनप्रतिनिधिहरूले बताएका छन् । राजापुर-४ का वडाध्यक्ष विदुर पोखरेलका अनुसार दौलतपुर घाटमा निर्माण भएको झोलुङ्गे पुलदेखि दक्षिणतर्फ नदीले कटान गरिरहेको छ । केही स्थानमा तटबन्ध निर्माणको काम अधुरै रहेकाले जोखिम थप बढेको उनले बताए ।

सिँचाइ तथा जलस्रोत आयोजना कार्यालय, राजापुरका इन्जिनियर नवीन जोशीका अनुसार सम्बन्धित क्षेत्रमा जंगल र सडकको पहुँच नहुँदा तटबन्ध निर्माणमा समस्या भइरहेको छ । उनका अनुसार सोमबार बिहानसम्म कर्णाली नदीमा करिब ८ दशमलव ५ मिटर पानीको बहाव रहेको थियो । पानीको बहाव नरोकिएकाले जलस्तर अझै बढिरहेको उनले बताए ।

कर्णाली नदीमा पानीको सतह १० मिटरभन्दा माथि पुगे राजापुर नगरपालिकाको अधिकांश क्षेत्र डुबानमा पर्ने जोखिम रहेको आयोजना कार्यालयले जनाएको छ । आयोजना प्रमुख सुदिन मुक्तानका अनुसार कर्णाली नदीमा पानीको सतह बढ्नासाथ भदाली खोलाबाट बस्तीमा पानी पस्ने समस्या हरेक वर्ष दोहोरिने गरेको छ ।

## कर्णाली...

शनिबारदेखि राजमार्गका विभिन्न ठाउँमा आएको पहिरो, ढुङ्गा र लेदोले सडक अवरुद्ध भएपछि अलपत्र परेको दुःखेसो व्यक्त गरे ।

स्वदेशमै केही कमाउने आशा राखेर गरेको व्यवसाय बाटोकै कारण घाटा व्यहोर्नुपर्ने बाध्यता आइलागेको उनले जनाए । "सडक कहिले खुल्ने हो थाहा छैन", उनले भने, "अझै तीनचार दिनपछि मात्र बाटो खुल्छ भन्छन् । त्यतिञ्जेलसम्म स्याउ कुहिएर जाने हो कि भन्ने डर लागिरहेको छ ।"

वर्षा, बाढी र पहिरोका कारण गत वर्ष करिब रु १० लाखको घाटा भएको स्याउ व्यापारी हस्तबहादुर रावतले दुःखेसो पोखे । उनका अनुसार भरपर्दो सडक नहुन्जेलसम्म व्यापारीका समस्या समाधान नहुने र यस वर्ष पनि घाटा व्यहोर्नुपर्ने अवस्था आइलागेको छ । क्षति हुँदा केही राहत दिने व्यवस्था राज्यका तर्फबाट हुनुपर्ने उनको भनाई छ ।

कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारीले मनसुनजन्य विपद्का कारण व्यापारीले धेरै ठूलो समस्या भोग्नुपरेको बताए । उनले भने, "यस वर्ष १९ हजार ५०० मेट्रिक टन स्याउ उत्पादन भएकामा अहिलेसम्म ५० प्रतिशत निर्यात भइसकेको छ । पहिरोका कारण सडक अवरुद्ध हुँदा दर्जनौं स्याउ बोकेका गाडी अगाडि बढ्न नसक्नु व्यापारीको मात्र होइन, सिङ्गो जुम्लाले पनि क्षति व्यहोर्नुपर्ने अवस्था आइलागेको छ ।"

सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख श्रवणकुमार महताराले शनिबार राति ७:०० बजेदेखि कर्णाली राजमार्गको गगने खोलामा गएको पहिरोको कारण सडक पूर्ण रूपमा अवरुद्ध भएको छ । आइतबार कालीकोटको पिलीमा तथा एस मोडमा पहिरो तथा ढुङ्गा आउँदा सडकमा ठूलो क्षति पुगेको उनले जानकारी दिए । उनका अनुसार आइतबार बिहान ५:०० बजेदेखि सडक खुलाउन कार्यालयबाट मेसिन तथा प्राविधिक टोली परिचालित गरिएको छ ।

उनले भने, "लेदो, ढुङ्गा र चट्टानसहितको पहिरोले राजमार्गका विभिन्न स्थानमा ठूलो क्षति भएको छ । हाल राजमार्गको अवस्था जोखिमपूर्ण तथा पूर्ण रूपले अवरुद्ध भएकाले आधिकारिक सूचना जारी नभएसम्म यस सडकखण्डमा यात्रा नगर्न यात्रु तथा सर्वसाधारणमा अनुरोध गरेका छौं ।"

वर्षायाममा पहिरो, बाढी तथा सडक कटानको जोखिम उच्च हुने भएकाले यात्रा गर्दा विशेष सावधानी र सुरक्षा अपनाउन आग्रह गरिएको कार्यालय प्रमुख महताराले बताए । अवरुद्ध सडक सञ्चालन गराउन उच्च प्राथमिकताका साथ निरन्तरता दिइए पनि आवागमन सहज हुन तीन दिनसम्म लाग्ने कार्यालयले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय कालीकोटमा प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक हिमबहादुर खत्रीका अनुसार सडक अवरुद्ध भएपछि जुम्ला, कालीकोट, मुगु र हुम्लादेखि सुर्खेततर्फ आउँदै गरेका सवार ीसाधन रोकिएका छन् । सुर्खेतबाट माथिल्लो कर्णाली हिँडेका सवार ीसाधन दैलेखको राकम, खिड्कीज्यूला र दही खोलालगायतका क्षेत्रमा रोकिएका छन् ।

सडक अवरुद्ध भएकै कारण माथिल्लो कर्णालीबाट आएका स्याउका गाडी तीन दिनदेखि सडकमा थन्किएका छन् । यसले व्यापारीलाई मर्का पर्नुका साथै यात्रुलाई सास्ती भएको प्रहरीले जनाएको छ ।

## अझै...

त्यसपछि १९ भदौमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नेपालमा दर्ता नभएका २६ वटा सामाजिक सञ्जाल बन्द गर्न नेपाल दूरसञ्चार प्राधिकरणलाई पत्र पठायो । त्यससँगै ती सामाजिक सञ्जाल नेपालमा पूर्ण रूपमा बन्द भए । यसको विरोधमा २८ वर्षमुनिका युवाहरूले २० भदौमा टिकटकमार्फत 'नेपो बेबी' अभियान सुरु गरे । नेताका छोराछोरीको विलासी जीवनशैली, भ्रष्टाचार र राजनीतिक पहुँचप्रति प्रश्न उठाउँदै सुरु भएको अभियान सामाजिक सञ्जालमा तीव्र रूपमा फैलियो । आन्दोलनकारीले २३ भदौमा सडकमा प्रदर्शन गर्ने घोषणा गरे । अभियानलाई विभिन्न क्षेत्रका व्यक्ति तथा सार्वजनिक व्यक्तित्वले समर्थन गरे ।

काठमाडौं महानगरपालिकाका तत्कालिन मेयर बालेन्द्र शाहले पनि आन्दोलनप्रति समर्थन जनाए । नख्खु कारागारमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले समेत आफ्नो प्रभाव प्रयोग गर्ने प्रयास गरे । यसले आन्दोलनप्रति युवाको आकर्षण थप बढायो । २३ भदौको बिहान माइतीघरमा युवाहरू जम्मा हुन थाले । सुरुमा विद्यार्थी र केही सेलिब्रेटी देखिए पनि विस्तारै युवाहरूको ठूलो समूह सडकमा ओर्लियो ।

सामाजिक सञ्जाल प्रतिबन्धको विरोधबाट सुरु भएको आन्दोलन केही समयमै भ्रष्टाचारको अन्त्य, सुशासन र राजनीतिक बेथितिको विरोधमा केन्द्रित भयो । आन्दोलन स्वस्फुर्त रूपमा फैलिँदै गयो । तर, तत्कालीन कांग्रेस-एमाले नेतृत्वको सरकारले आन्दोलन नियन्त्रणका लागि अत्यधिक बल प्रयोग गऱ्यो ।

त्यसक्रममा २३ भदौमा १९ जनाको मृत्यु भयो । ठूलो संख्यामा युवाको मृत्यु र घाइते भएपछि आन्दोलन थप उग्र बन्यो र हिंसात्मक रूप लियो । माइतीघरबाट सुरु भएको आन्दोलन २७ घण्टामै देशका प्रमुख सरकारी संरचनासम्म फैलियो । संघीय संसद् भवन, सिंहदरबार, राष्ट्रपति निवास, प्रधानमन्त्री निवासदेखि सर्वोच्च अदालतसम्मका संरचनामा आगजनी र तोडफोड भयो । विशिष्ट व्यक्तिका निजी निवास तथा निजी क्षेत्रका संरचनामा समेत ठूलो क्षति पुग्यो । राजनीतिक नेतृत्वमा भागाभागको अवस्था सिर्जना भयो । आमनागरिक घरभित्रै बस्न बाध्य भए भने सडकमा सेना परिचालन भयो । त्यसपछि नेपाली सेनाको समन्वयमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भयो । कार्की नेतृत्वको सरकारले २१ फागुनमा आमनिर्वाचन सम्पन्न गरायो ।

निर्वाचनमा परम्परागत भनिएका मूलधारका दलहरू कमजोर भए । २०७९ को निर्वाचनबाट उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ठूलो जनसमर्थनसहित सरकारको नेतृत्व गर्ने अवस्थामा पुग्यो । तत्कालीन काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहलाई प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सारेर निर्वाचनमा गएको रास्वपाले पुराना दललाई ठूलो धक्का दिन सफल बनेको थियो ।

शाह नेतृत्वको सरकार गठन भएको वर्ष दिन नपुग्दै समर्थनसँगै विरोधका आवाजहरु पनि बढ्दै गएका छन् । विशेषगरी प्रधानमन्त्री वालेन्द्रको कार्यशैलीलाई लिएर रास्वपा नेतृत्वको सरकारको आलोचना बढ्न थालेको छ । दुई तिहाई सरकारले जनअपेक्षा पुरागर्ने गरी काम गर्नुपर्नेमा स्थापित लोकतान्त्रिक विधि र मान्यता अनुरुप नचलेको आरोप खेप्दै आएको छ । शाह नेतृत्वमा आएपछि पुराना दलका नेता, कर्मचारी, व्यवसायी, नागरिक समाजमाथि धरकपट बढेको छ । युवाहरुको सरकारले नागरिक अपेक्षा पुरा गर्ने भनिएको भएपनि पछिल्ला केही गतिविधिले नयाँहरुको काम गर्ने शैली पनि पुरानै भएको आरोप सरकारमाथि छ ।

## कर्णालीमा...

माओवादी केन्द्रका कार्यालयसमेत आन्दोलनकारीको निशानामा परे । त्यसपछि आन्दोलनकारी सरकारी तथा निजी संरचनातर्फ केन्द्रित भए । तोडफोड र आगजनीबाट वीरेन्द्रनगरमा ठूलो क्षति पुग्यो ।

जिल्ला प्रशासन कार्यालय सुर्खेतको तथ्याङ्कअनुसार २४ भदौमा वीरेन्द्रनगरका २५ वटा सरकारी कार्यालय तथा निवासमा क्षति पुगेको थियो । निजी आवासलाई प्रशासनको तथ्याङ्कमा समावेश गरिएको छैन । निजी आवाससमेत जोड्दा ३० वटा संरचनामा क्षति पुगेको थियो । क्षति भएका संरचनामा जिल्ला समन्वय समिति, सडक डिभिजन, भेरी करिडोर सिँचाइ तथा नदी व्यवस्थापन आयोजना, नापी कार्यालय, भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सामाजिक विकास मन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश लेखा नियन्त्रकको कार्यालय, मुख्यमन्त्री निवास र कर्णाली प्रदेशसभा सचिवालयलगायत छन् ।

जलस्रोत तथा ऊर्जा विकासमन्त्रीको निवास र वीरेन्द्रनगर नगरपालिकाका १२ वटै वडा कार्यालयमा समेत क्षति पुगेको थियो । तत्कालिन मुख्यमन्त्री यामलाल कँडेल, नेपाली कांग्रेसका तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्का, उनका भाइ डा. डम्बर खड्का, वीरेन्द्रनगरका मेयर मोहनमाया ढकाल र उपमेयर निलकण्ठ खनालको निजी निवासमा समेत तोडफोड र आगजनी भयो । अन्य जिल्लाका सदरमुकाममा पनि आन्दोलन भए पनि वीरेन्द्रनगरमा जस्तो ठूलो क्षति भएको थिएन ।

जिल्ला प्रशासन कार्यालयको प्रतिवेदनअनुसार वीरेन्द्रनगरमा सरकारी तथा निजी संरचनामा भएको तोडफोड र आगजनीबाट १९ करोड ७५ लाख ४५ हजार ६३९ रुपैयाँ बराबरको क्षति भएको छ । भौतिक संरचनाबाहेक ९४ वटा सवारीसाधनमा समेत क्षति पुगेको थियो । तीमध्ये ८६ वटा सरकारी र आठ वटा निजी सवारीसाधन थिए । तर, सवारी साधनमा भएको आर्थिक क्षतिको छुट्टै मूल्याङ्कन भने गरिएको छैन ।

आन्दोलनका कारण क्षतिग्रस्त सरकारी संरचनाको अझै पुनर्निमार्ण हुन सकेको छैन । आन्दोलनकारीले सबैभन्दा बढी क्षति पुऱ्याएका प्रदेशसभा, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय, मुख्मयन्त्रीको सरकारी निवास लगायतका संरचनहरु पुनर्निर्माण हुन सकेका छैनन् ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन् ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :

भवानी अर्डर एण्ड सप्लायर्स

वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोत्तल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

भवानी अटो वर्कसप

वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

हाम्रा सेवाहरु

- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।

Servicing | Repair | Denting | Panting | Washing



युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।